# पाँचखपन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**वाना, संखुवासभा**

## साप्ताहिक हाट वजारमा हाटकर अशुल गर्ने कार्यको शिलबन्दी बोलपत्र आह्वानको सूचना
**(सूचना प्रकाशित मिति :- २०७७/०९/२२)**

यस कार्यालयबाट आ.व. ०७७/०७८ का लागि स्थानीय सरकार संचालन ऐन र पाँचखपन नगर कार्यपालिकाको मिति २०७७/०८/१८ गते वसेको वैठकको निर्णयानुसार देहायमा उल्लेखित साप्ताहिक वजारको हाट कर शुल्क अशुली सम्बन्धी आ.व. ०७७/०७८ को वाँकी अवधी (२०७८ असार मसान्त सम्म) का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र वोलपत्र फारम खरीद गरी ८ औं दिनको मध्यान्न १२:०० वजे सम्म देहायको शर्त वन्देजमा रही रितपूर्वकको सिलवन्दी वोलपत्र पेश गर्नु हुन व्याक्ति,फर्म,कम्पनी वा संस्थाको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । शुल्क अशुली सम्बन्धी दररेटको विवरण तथा कर संकलन सम्बन्धी थप शर्तहरु बोलपत्र फारम साथ उपलब्ध गराईने छ । शिलबन्दी बोलपत्र फारम साथ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, निवेदन सहित पेश गर्नु पर्नेछ । साथै दररेट सम्बन्धी विवरण, ठेक्का सम्बन्धी थप जानकारी तथा शर्त बन्देजहरुको सन्दर्भमा यस कार्यालयको राजश्व तथा आर्थिक प्रशासन शाखामा कार्यालय समय भित्र प्राप्त गर्न सकिने सकिन छ ।

| ठेक्का संकेत नं. | कामको विवरण | बोलपत्र फारम दस्तुर रु. | न्यूनतम अंक) |
|---|---|---|---|
| ०२/०७७ /०७८ | पाँचखपन नगरपालिका अन्तर्गत वडा नं. ७ को विहिवारे वजारमा लाग्ने साप्ताहिक वजारमा टहरा वनाई व्यापार गर्ने व्यापारी संग उक्त दिनको हाट कर सम्बन्धी कर असुली कार्य । | ५००।- | १५,०००।- |

मान बहादुर बराल
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

**शर्तहरु :**

१. शिलबन्दी बोलपत्र दर्ता गर्दा शिलबन्दी खामको बाहिरपट्टी नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।
२. शिलबन्दी बोलपत्र फारामसाथ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, सम्वन्धित व्यक्तिको दस्तखत र मोवाइल नं. उल्लेख भएको निवेदन संलग्न राखी पेश गर्नु पर्नेछ ।
३. धरौटी बापत आफुले कबोल गरको अंकको ५ प्रतिशत रकम यस कार्यालयको नाममा श्री नेपाल वंगलादेश बैक पाँचखपन शाखाको धरौटी खाता नं. ०५४०००००८४१ मा नगद जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्ने छ ।
४. बोलपत्र पेश गर्दा कबोल रकम अंक र अक्षरमा प्रष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
५. दर्ता भएको बोलपत्रहरु फिर्ता सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन अनुसार नै हुनेछ ।
६. यो सूचना बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहने छ ।
७. कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।
८. बोलपत्र स्वीकृत भई सोको जाकारी प्राप्त भएको ७ दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ र उक्त अवधि भित्र सम्झौत गर्न नआएमा उक्त बोलपत्रदाताको धरौटी जफत गरी दोस्रो बढी कबोल गर्नेलाई दिने प्रकृया नियमानुसार कारवाही अगाडि बढाइनेछ ।
९. ठेक्का स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले बुझाउनु पर्ने ठेक्का रकम कार्यालयमा दाखिला गर्दा १३ प्रतिशतले हुने मू.अ.क. समेत बुझाउनु पर्नेछ ।
१०. यस ठेक्काको सन्दर्भमा कुनै पनि स्थानीय तह वा नेपाल सरकारलाई कुनै पनि किसिमको कर, दस्तुर, शुल्क बुझाउनु पर्ने भएमा सो बुझाउने दायित्व ठेकेदारकै हुनेछ ।
११. ठेक्का स्वीकृत भएपछि एकमुष्ट रकम बुझाउन चाहनेले मू.अ.क. को रकम सहित एकमुष्ट बुझाउदा कबोल अंकमा मू.अ.क. को रकम घटाई बांकी रकममा ५ प्रतिशत छुट दिइनेछ ।
१२. ठेक्का सम्झौता भइसकेपछि बीचमा कुनै कारण देखाई छोड्न पाइने छैन ।
१३. किस्ता वन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम बराबरको क वर्गको बैकबाट जारी भएको घटीमा १५ महिना अवधि भएको परफरमेन्स बोण्ड बुझाई ठेक्का रकम २ किस्तामा बुझाउन सकिनेछ ।
१४. तोकिएको समयमा किस्ता रकम नबुझाएमा प्रचलित कानुन अनुसार जरिवाना गरिने र जेठ मसान्तभित्रमा नबुझाएमा परफरमेन्स बण्डबाट असूल उपर गरिनेछ ।
१५. ठेक्का सकार गर्ने ठेकेदारले नगरपालिकाले तोकेको शुल्क उठाउदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखेर मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदबाट उठाइएको पाइएमा नियमानुसार कानूनी कारवाही गरिनेछ ।साथै रसिदको नमुना कार्यालयबाट उपलब्ध गराइने छ ।
१६. ठेक्का स्वीकृत हुने ठेकेदारले हाट कर उठाउँदा पाँचखपन नगरपालिका वडा नं. ७ स्थित विहिवारे वजार लाग्ने दिन
(विहिवारको दिन) मात्र शुल्क उठाउन पाउने छ ।

मान बहादुर बसल
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर बराल
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका